# बुटवल पावर
# कम्पनी लिमिटेड





## संक्षिप्त वार्षिक प्रतिवेदन

## आ.व. २०७७/०७८





bpc
BUTWAL POWER
COMPANY LIMITED

iLight the future

# बुटवल पावर कम्पनी लिमिटेडको २९औं वार्षिक साधारण सभाको सूचना

मिति २०७८।०८।२६ (तद्नुसार १२ डिसेम्बर २०२१) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २९ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । कोरोना भाइरस (COVID-19) को विश्वव्यापी महामारीवाट सुरक्षित रहनका लागि नेपाल सरकारले जारी गरेका स्वस्थ्य सुरक्षा मापदण्डहरूको समेत पूर्ण पालना गरी सभा संचालन गर्नुपर्ने भएकोले यस्तो विशेष परिस्थितिलाई मध्यनजर गरी शेयरधनीहरूज्यूलाई विद्युतीय माध्यमवाट सभामा भाग लिन सकिने व्यवस्था मिलाईएको हुँदा सोही अनुसार उपस्थित भई सभामा भागलिनका लागि अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समय :**

**मिति :** **२०७८ पौष २६ गते सोमवार (तद्नुसार जनवरी १०, २०२२) ।**

**समय :** **बिहान ११:०० बजे ।**

**स्थान :** **कम्पनीको रजिष्टर्ड कार्यालय, बानेश्वर, काठमाण्डौं ।**

## छलफलका विषयहरु :

**(क) सामान्य प्रस्तावः**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७७/०७८ को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७८/०७९ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरुलाई आ.ब. ०७७/०७८ को मुनाफाबाट चुक्ता पूंजीको १०% (दश प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

**(ख) विशेष प्रस्तावः**

बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रवन्धपत्रको दफा ५(ख) संशोधन गर्ने ।

(नोटः शेयरधनीहरूलाई १०% बोनस शेयर जारी गर्नका लागि कम्पनीको हालको चुक्ता पूँजी रू. २,९५,१३,६०,५०० बृद्धि गरी रू. ३,२४,६४,९६,६०० पुऱ्याउने । बोनस शेयर बाँडफाँड गर्दा दशमलव पछिको अंकलाई राउण्ड अफ गर्दा यस अंकमा समायोजन हुन सक्ने ।)

२. आ.ब. ०७७/०७८ को मुनाफा तथा संचित लाभसमेतबाट चुक्ता पूंजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने ।

(नोटः कम्पनीको हाल चुक्ता पूँजी रू. २,९५,१३,६०,५०० रहेको छ र बोनस शेयर बाँडफाँड गर्दा दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशसंग समायोजन गरी वितरण गर्ने ।)

३ आ.व. २०७७।०७८ मा विभिन्न व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. ५०,७८,०१९/- अनुमोदन गर्ने ।

**(ग) विविध ।**

# प्रोक्सी-फारम

श्री संचालक समिति

**बुटवल पावर कम्पनी लि.**

वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.................................जिल्ला.....................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ..............,
.............. वस्ने म/हामी ......................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७८ पौष २६ गते सोमबारका दिन हुने २९ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि.....................जिल्ला ....................................म.न.पा/न.पा./ गा.वि.स./ वडा नं........., ........वस्ने श्री ........................................................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः .......................................................
दस्तखतः .......................................................
ठेगानाः .................................पो.व.नं...............
फोन नं...........................................................

शेयरधनी नं.: (BOID No): ..................................
शेयर प्र.प.नं.: ...............................................
डिम्याट नं:......................................................
शेयर संख्याः ..................................................
मितिः .............................................................

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. शेयरधनीहरूलाई भर्चुअल माध्यम ZOOM App मार्फत सभामा भाग लिन सकिने व्यवस्था गरिएको छ । सो प्रयोजनका लागि आफ्नो नाम र BOID खुलाई कम्पनीको इमेल ठेगाना info@bpc.com.np वा शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. को इमेल ठेगाना rta@nabilinvest.com.np मा इमेल गरी Meeting ID र Passcode प्राप्त गर्न सकिनेछ । शेयरधनीहरूको पहिचान गरी Meeting ID र Passcode पठाउनुपर्ने भएको हुँदा सभा हुने मिति भन्दा कम्तीमा ३६ घण्टा अगावै :eeting ID र Passcode लिईसक्नु हुन अनुरोध गरिन्छ ।

२. नावालक शेयरधनीको हकमा निजको संरक्षकले सभामा भाग लिन सक्नुहुनेछ । साथै, संस्थागत शेयरधनीहरूको हकमा सो संस्थाले नियुक्त गरेको निजको पदाधिकारी वा कर्मचारीले साधारण सभामा भाग लिन सक्नेछ । त्यस्तो प्रतिनिधी नियुक्त गरेको पत्रमा प्रतिनिधीको नाम तथा निजको इमेल ठेगाना खुलाई कम्पनीमा info@bpc.com.np वा rta@nabilinvest.com.np मा सभा हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै इमेल गरी पठाउनु पर्नेछ र सो पत्रमा उल्लेखित प्रतिनिधीको इमेल ठेगानामा सभाको Meeting ID र Passcode पठाइनेछ ।

३. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्पनीको वेभसाईटमा राखिएको प्रोक्सी फारम डाउल लोड गरी सो भरेर info@bpc.com.np वा rta@nabilinvest.com.np मा सभा हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै इमेल गर्नु पर्नेछ र सो प्रोक्सीमा उल्लेखित प्रतिनिधिको इमेल ठेगानामा सभाको Meeting ID र Passcode पठाइने छ ।

४. साधारण सभा हुने समयभन्दा एक घण्टा अगावै देखी ZOOM मा Join गर्न सकिनेछ । सभामा प्रस्तुत प्रस्ताव उपर छलफलमा भागलिन चाहने शेयरधनीले Chat Box मा Message गरी समय लिएर छलफलमा भाग लिन सकिने व्यवस्था गरिएको छ ।

५. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

६. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

७. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७८।९।११ देखी मिति २०७७।९।२६ सम्म बन्द रहने छ ।

८. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा फोन नं. ४७९१७७६ मा श्री निरज पोखरेल वा श्री प्रतिज्ञा शर्मालाई तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, काठमाडौं फोन नं. ४४११६०४ वा ४४११७३३ ext. १४० वा १५२ वा ११६ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले

**कम्पनी सचिव**

**बुटवल पावर कम्पनी लिमिटेड**

# प्रवन्धपत्र संशोधनको तीन महले विशेष प्रस्ताव

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ५. कम्पनीको शेयर पूँजीः<br>(ख) कम्पनीको जारी पूँजी रू. २,९५,१३,६०,५०० (दुई अरव पन्चानब्बे करोड तेह्र लाख साठी हजार पाँच सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका २,९५,१३,६०५ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | ५. कम्पनीको शेयर पूँजीः<br>(ख) कम्पनीको जारी पूँजी रू. ३,२४,६४,९६,६०० (तीन अरव चौबिस करोड चौसठ्ठी लाख छयानब्बे हजार छ सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका ३,२४,६४,९६६ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको । |

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

यस कम्पनीको २९औं बार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट यो प्रतिवेदन प्रस्तुत गर्न अत्यन्त हर्षका साथ यहाँ उपस्थित भएका छौ ।

विगत दुई वर्ष देखी कोभिड १९ महामारी विश्वभर सबै भन्दा ठुलो स्वास्थ्य सरोकारको विषय रहँदै आएको छ । कोभिड १९ को खोप एवं बढ्दो स्वास्थ्य सावधानी अपनाएका कारण संक्रमणको संख्या न्यूनिकरणमा मद्दत पुगेको छ । यस महामारीका कारण नेपालमा आठ लाख भन्दा बढी जनता संक्रमित हुन पुगे र एघार हजार पाँच सय भन्दा बढीले ज्यान गुमाए । आजको दिनमा संक्रमण तथा मृत्युदर घटेको छ, तर रोकिएको छैन । कोभिड १९ को दोश्रो लहर चल्दा नेपाल सरकारले महामारी रोकथाम गरी जनताको जीवन रक्षा गर्नका लागि देशभर बन्दाबन्दी लागु गर्नु पर्‍यो । त्यसले आर्थिक गतिविधिहरूलाई प्रभावित गर्दै अर्थतन्त्रका सबै क्षेत्रहरूमा असर गर्‍यो । कम्पनीका सबै कर्मचारीहरूले कोभिड खोप लगाईसकेकाछन् । महामारीका कारण हालसम्म ३१ कर्मचारीहरू संक्रिमित हुन पुगे । दुर्भाग्यवस एक जना कर्मचारीको ज्यानै गयो । महामारीको प्रभावका बाबजुद कम्पनीले आफ्ना विद्युत गृहहरू तथा वितरण व्यवसायलाई संचालन, व्यवस्थापन गर्‍यो । तर, आयोजना विकास तथा निर्माण सम्बन्धी कार्यहरू नराम्ररी प्रभावित भए ।

आ.व. २०७७।७८ मा कम्पनीको कार्यसंपादन संचालन व्यवसाय तर्फ सन्तोषजनक रह्‌यो भने लगानी तथा आयोजना विकास व्यवसायहरू तर्फ ठिकठिकै रह्‌यो । विभिन्न व्यवसायहरू तर्फको कार्यसंपादन तल सम्बन्धित शिर्षकमा उल्लेख गरिएको छ । कम्पनीको आ.व. २०७७।७८ को वित्तिय परिणामहरू तथा लाभांश नीतिलाई विचार गरी शेयरधनीहरूलाई आ.व. २०७७।७८ को खुद मूनाफा तथा संचित मूनाफावाट १० प्रतिशत बोनस शेयर र १० प्रतिशत नगद लाभांश वितरण गर्न लागिएको छ ।

## कार्यसम्पादन मूल्यांकन

**बित्तः**

कम्पनीले आ.व. २०७७।७८ मा बोनस, कर तथा नोक्सानी व्यवस्था गर्नुपूर्व रू.२० करोड ९८ लाख संचालन मूनाफा, रू. ३२ करोड ४९ लाख ६० हजार लाभांश आम्दानी एवं रूं ३४ करोड २६ लाख ७० हजार पूँजीगत लाभ गरी जम्मा रू. ८१ करोड ६६ लाख ५० हजार आर्जन गर्‍यो । कम्पनीले कावेली ए जलविद्युत आयोजनाको निर्माण कार्यहरू स्थगन भएका कारण सो आयोजनामा गरिएको लगानी मध्ये रू. २५ करोड २० लाख ५० हजार नोक्सानी व्यवस्था गर्‍यो । सो नोक्सानी व्यवस्था उक्त आयोजनाका लागि गरिएको लगानीको असी प्रतिशत पुगेको छ । कम्पनीले आ.व. २०७७।७८ मा रू. ११ करोड ५८ लाख ७० हजार आयकर बुझाएको छ भने कर्मचारीहरूलाई रू. २ करोड ५ लाख ७० हजार बोनस वितरण गरेको छ । कम्पनीले रू. ५० करोड १८ लाख २० हजार खुद मूनाफा गरेको छ, जुन गत वर्षको तुलनामा ३१.३८% ले घटी हो । कम्पनीको मुख्य मुख्य वित्तिय विवरणहरू तल संक्षेपमा उल्लेख गरिएको छः

विद्युत तथा सेवाको बिक्री घटेकोले समूहगत आम्दानी १५.८८% ले घटेको हो । त्यसैगरी मुलतः उपभोग गरिएका सामाग्रीको लागत, कर्मचारी खर्चहरू एवं वित्तिय खर्चहरू घटेकोले सोही अनुपातमा १२.१३% ले बिक्री लागत घटेको हो,

| विवरण | आ.व. २०७७/७८ रू. | आ.व. २०७६/७७ रू. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४२,३७,२४,६५७ | ४८,३८,३८,१६३ | -१२.४२% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | २१,३९,८८,९३१ | १९,५१,३६,५७१ | ९.६६% |
| उत्पादन खर्च | ३१,२१,८०,९०३ | २४,५६,८९,६५७ | २७.०६% |
| वितरण खर्च | १२,४१,६०,४२५ | ११,९४,०५,१५० | ३.९८% |
| कूल संचालन मुनाफा | २०,९८,००,५९५ | ३२,१६,११,७६२ | -३४.७७% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ६८,७७,१५,२२१ | ७६,७८,१९,२२९ | -१०.४३% |
| प्रशासनिक तथा अन्य खर्च | १२,७७,३९,४७९ | १२,३३,३९,०३१ | ३.५७% |
| ब्याज तथा कर अधिको नाफा | ५२,५५,०६,६१३ | ७२,७५,३७,४३४ | -२७.७७% |
| कर अधिको नाफा | ५६,४६,०२,७८१ | ७१,९७,९५,७१६ | -२१.५६% |
| कर पछिको खुद मुनाफा | ५०,१८,१५,६७४ | ७३,१२,८४,०९२ | -३१.३८% |
| अन्य कम्पनीहरूमा लगानी | ३,३०,३६,८०,४५६ | ४,०६,८४,६०,९६१ | -१८.८०% |
| प्रतिशेयर आम्दानी | १७.०० | २४.७८ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,००,९३,९१,१०४ | ७,०२,९०,४६,६०५ | -०.२८% |

यस आ.व.को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

| विवरण | आ.व. २०७७/०७८रू. | आ.व. २०७६/०७७ रू. | %परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,६३,६७,२४,४७७ | ३,१३,४६,३४,११२ | -१५.८८% |
| बिक्री लागत | २,३३,५४,०८,५२८ | २,६५,७९,३१,१८९ | -१२.१३% |
| कुल नाफा | ३०,१३,१५,९४९ | ४७,६७,०२,९२३ | -३६.७९% |
| ब्याज तथा कर अधिको नाफा | ७६,१८,००,७८४ | ९९,६२,२२,१८४ | -२३.५३% |
| कर अधिको नाफा | ३८,५६,६१,३९५ | ७१,१३,०९,२५७ | -४५.७८% |
| कर पछिको नाफा | ३०,९७,४४,२०९ | ७१,१६,११,३६५ | -५६.४७% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ३३,६६,०९,४३८ | ७२,६२,५१,३०२ | -५३.६५% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | -२,६८,६५,२२९ | -१,४६,३९,९३७ | ८३.५१% |
| प्रति शेयर आम्दानी | ११.४१ | २४.६१ | |
| खुद सम्पत्ति | ७,१८,०८,२४,५७६ | ७,३९,७८,०३,९५७ | -२.९३% |

जसवाट संचालन नाफा ३६.७९% ले घट्न गएको छ । त्यसैगरी समूहगत खुद मूनाफा मूलतः लाभांश आम्दानी उल्लेख्यरूपमा घटेको र कावेली इनर्जि लि. र गुराँस इनर्जि लि.मा गरिएको शेयर लगानीको नोक्सानी व्यवस्थाका कारण ५६.४७% ले घटेको छ । यसवाट खुद सम्पत्ति २.९३% ले घटेको छ । समूहगत प्रतिशेयर आम्दानी रू. ११.४१ रहेको छ, जुन गत वर्ष रू. २४.६१ रहेको थियो ।

## व्यवसाय सञ्चालन

### उत्पादन व्यवसाय

कम्पनीले दुई विद्युत गृहहरूः ९.४ मेगावाटको आँधिखोला विद्युत गृह र १२ मेगावाटको झिमरूक विद्युत गृह संचालन गर्दै आएको छ । आ.व. २०७७/७८ मा दुबै विद्युत गृहहरू सन्तोषजनकरूपमा संचालनमा रहे । कुल १२७.५ गिगावाट आवर विद्युत उत्पादन भएको थियो । यो गत वर्षको १४४.५१

गिगावाट आवर भन्दा ११.७७% ले कम हो । कुल उत्पादित उर्जाको करीव ६८.४७% नेपाल विद्युत प्राधिकरणलाई तथा ३३.५३% कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो ।

दुबै विद्युत गृहहरूवाट भएको उत्पादनको अवस्था निम्न अनुसार थियोः

- आँधिखोला विद्युत गृह ७४.९९% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६१.७५ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो । सो गत वर्षको तुलनामा १३.४८% (९.६२३ गिगावाट आवर) कम उत्पादन हो । कुल उपलब्ध विद्युत (नेपाल विद्युत प्राधिकरणबाट खरिद गरिएको समेत) मध्ये कालीगण्डकी जलविद्युत आयोजनालाई क्षतिपूर्ति वापत निशूल्क उपलब्ध गराइएको ३.१६७ गिगावाट आवर समेत गरी २९.५८२ गिगावाट आवर (४७.९०%) नेपाल विद्युत प्राधिकरणलाई र ३३.३३४ गिगावाट आवर कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई बिक्री गरिएको थियो ।
- झिमरूक विद्युत गृह ६२.५५% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६५.७५ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो । सो अघिल्लो वर्षको उत्पादनको तुलनामा १०.१०% (७.३९० गिगावाट आवर) ले कमी हो । कुल उपलब्ध विद्युत मध्ये ६०.८८४ गिगावाट आवर (९२.५९%) नेपाल विद्युत प्राधिकरणलाई र ८.१९६ गिगावाट आवर (१२.४६%) कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई बिक्री गरिएको थियो ।
- झिमरूक नदीको पानीमा वर्षायाममा अत्यधिक मात्रामा हुने क्वार्ट्जले गर्दा विद्युत गृह संचालनको प्रारम्भ देखिनै विद्युत उत्पादनमा कमी गराउने तथा टर्वाइनमा गम्भिर क्षय पुऱ्याउने मूख्य कारक रहेको छ । गत आर्थिक वर्षमा टर्मिनल बोल्टको इन्सुलेशनमा क्षति पुग्न गएका कारण जेनेरेटरको एक्साइटेशन प्रणालीमा मुख्य समस्या देखिएको थियो ।

**वितरण व्यवसाय**

आ.व. २०७७।७८ मा उत्पादन व्यवसायवाट ४२.५२७ गिगावाट आवर उर्जा लिइएको थियो । यो उर्जा गत बर्ष लिइएको उर्जाभन्दा ९.५३% ले बढी हुन आउँछ, जुन उपभोक्ताको संख्या ३.२७% र प्रति उपभोक्ता सरदर विद्युत उपभोग ४.९% ले बढेको हुनाले बढ्न गएको छ । त्यसको साथै बिक्री पनि ८.३५% ले बढेको छ । कम्पनीले ३५.४२ गिगावाट आवर उर्जा उपभोक्तालाई बिक्री गऱ्यो भने ०.०६१ गिगावाट आवर आन्तरिकरूपमा खपत गऱ्यो ।

## सहायक तथा सम्वद्ध कम्पनीको स्वामित्वमा रहेका आयोजनाहरु

सहायक कम्पनी खुदी हाइड्रोपावर लि.को स्वामित्वमा संचालित ४ मे.वा.को खुदी जलवद्युत गृहलाई २०७६ सालको भदौ महिनामा आएको बाढीले नराम्ररी प्रभावित गऱ्यो र सो बिद्युत गृह २०७६ सालको को मंसिरमा आंशिकरूपमा र २०७७ को फागुनमा पूर्णरूपमा संचालनमा आयो । तर, २०७८ सालको शुरू तिर आएको बाढीले सो विद्युत गृहलाई थप क्षति पुऱ्यायो, जसले विद्युत गृहको संचालनलाई करीव चार महिना प्रभावित गऱ्यो ।

सम्बद्ध कम्पनी हिमाल पावर लि.को स्वामित्व तथा संचालनमा ६० मे.वा.को खिम्ती प्रथम जलविद्युत गृह रहेको छ । यस कम्पनीले विद्युत खरिद बिक्री सम्झौताको शर्त अनुसार उक्त आयोजनामा रहेको आफ्नो स्वामित्वको आधा हिस्सा जुलाई २०२० देखी नेपाल विद्युत प्राधिकरणमा गएको छ । यस आयोजनावाट अन्तरिम व्यवस्थापन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत बिक्री गरिएको छ । यस आयोजनाका लागि हिमाल पावर लि. र नेपाल विद्युत प्राधिकरणले संयुक्त स्वामित्वको नयाँ कम्पनी स्थापना गर्न तथा नयाँ विद्युत खरिद बिक्री सम्झौता गर्न वार्ता गर्दै आएकाछन् । यद्यपी सो प्रक्रिया कोभिड १९ का कारण प्रभावित भएको छ । यस परिवर्तनवाट कम्पनीको लाभांश आम्दानीमा उल्लेख्य असर पर्नेछ ।

## २०७८ सालको आषाढ मसान्तसम्म कम्पनीको लगानीको अवस्था:

| कम्पनीको नाम | शेयर संख्या | %लगानी | लगानी (रू.लागतमा) | लगानी (रू.फेयर भ्यालुमा) |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २९,७८,५०२ | १६.८८ | ४३,४९,३१,४६१ | ७९,२७,५८,३७२ |
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ७,१५,८०० | ५१.३० | ७,१५,८०,००० | – |
| खुदी हाइड्रोपावर लिमिटेड | ५,०४,००० | ६०.०० | ५,०४,००,००० | – |
| खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर) | ५,७६,००० | – | ५,७६,००,००० | – |
| न्यादी हाइड्रोपावर लिमिटेड | १,०७,५१,४५३ | ९८.१८ | १,०७,५१,४५,३०० | – |
| कावेली इनर्जि लि. | २९,६६,८६० | २७.२४ | २९,६६,८६,००० | – |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,१७,७८५ | ८० | १,१७,७८,५०० | – |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कं. प्रा.लि. | १,९८,४५५ | २२.४० | १२,६७,५६,२८२ | |
| बिपिसी सर्भिसेज लि. | १,००,००० | १०० | १,००,००,००० | – |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १०.७३ | १०,००,००० | २,४२,५३,८०८ |
| हिमताल हाइड्रोपावर कं. प्रा.लि. | ६,०१,३०० | १९.४० | ७७,७९,०२,८३० | |
| मर्स्याङदी ट्रान्समिशन कं. प्रा.लि. | ६,४०६ | १९.४० | १,०३,४६,२४५ | |
| गुराँश इनर्जि लि. | ३,३१९,८३६ | ४० | ३३,१९,८३,६०० | – |
| कावेली इनर्जि लि.लाई दिएको परिवर्तन गर्न मिल्ने सापटी | – | – | १२,६०,०४४ | |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोईन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ३१,२५,४३९ | – | ९,३५,२०,८७६ | |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **२२,८४६,३९७** | | **३,३५,०६,९१,१३८** | **८१,७०,१२,१८०** |

## शेयर वापतको अग्रिम भुक्तानी तथा अन्य खर्चहरु:

| कम्पनीको नाम | रकम रू. |
|---|---|
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोईन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ४,४०,००,००० |
| गुराँश इनर्जि लि. | २,००,००० |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ७५,०१,३३७ |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | १,२७,३६,००० |
| **जम्मा** | **६,४४,३७,३३७** |

सहायक तथा सम्वद्ध कम्पनीहरूको वित्तिय सम्पादनको मुख्य मुख्य बुँदाहरू निम्न वमोजिम रहेका छन्ः

| कम्पनीको नाम | खुद मुनाफा (रू.) | खुद मुनाफामा बृद्धि वा कमी प्रतिशत | खुद सम्पत्ति (रू ) | प्रति शेयर आम्दानी रू. | प्रति शेयर कितावी मूल्य रू. |
|---|---|---|---|---|---|
| हिमाल पावर लि. | २५,४१,४४,८७३ | -९३.१८% | ४६९५,४४,७०,०६४ | १४.४१ | २६६.१६ |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | -२,५५,९५,८८० | -१३७५.४३% | २८,५४,०७,३९२ | -१८.३४% | २०४.५५ |
| खुदी हाइड्रोपावर लि. | १,४९,९८,४१३ | २३६.५८% | २०,८९,८८,४४३ | १७.८६ | २४८.८० |
| कावेली इनर्जि लि. | -४,०७,०६,२४२ | -७२.४७% | ८९,७२,९२,८०७ | ० | ८३.०५ |
| न्यादी हाइड्रोपावर लि. | -२,१९,७२,२३७ | -१७.८३% | १,००,५५,७१,७३० | ० | ९१.८३ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | २,६३,३७,६६४ | -१५.५५% | १६,३९,३७,९१३ | १७८.८९ | १,११३.४७ |
| बिपिसि सर्भिसेज लि. | ७,६५,८८७ | -६.४७% | १,६५,६१,४७८ | ७.६६ | १६५.६१ |
| हाइड्रो ल्याव प्रा.लि. | २,२८,२८,९३१ | ११.६४% | १४,९०,७२,७८३ | २३०.४७ | २,४८०.४१ |
| गुराँस इनर्जि लि. | ७७,१६,६८,१२६ | १९.६०% | ५८,२२,९०,८७४ | -९२.९८ | ७.०२ |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ३,२८,६२,६४३ | -१३.७१% | १,५२,७७,८७,८५३ | -२.०५ | ९५.०९ |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | -१,८५,६८२ | -७३.२३% | ९,०१,८३,०४० | -०.२१ | १०१.७९ |
| मर्स्याङदी ट्रान्समिसन कम्पनी प्रा.लि. | -४५,२०० | | ४,३२,११,६७६ | | १,३०८.४९ |
| हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि. | १,१३,००० | -०.००% | ५९,४५,२७,९११ | -०.०४ | १९१.८२ |

कम्पनीले आ.व. २०७७।०७८ मा निम्न सहायक तथा सम्बद्ध कम्पनीहरूबाट कुल रू.३२,४९,५६,२५९ लाभांश प्राप्त गरेको थियो ।

| कम्पनीको नाम | लाभांश रकम रू. (आ.वा २०७६।०७७ को नाफावाट) |
|---|---|
| हिमाल पावर लि. | ३१,८२,४२,५१४ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ६७,१३,७४५ |
| **जम्मा** | **३२,४९,५६,२५९** |

## इन्जिनियरिङ तथा अन्य सेवाहरु

सहायक कम्पनी हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.मा साझेदार जनताका लागि उर्जा तथा वातावरण विकास संस्थाको २०% शेयर खरिद गरे पश्चात् सो कम्पनीको पूर्ण स्वामित्व कम्पनीलाई प्राप्त भएकोछ । यस कम्पनीले नेपाल भित्र तथा अन्तराष्ट्रिय वजारमा विभिन्न जलविद्युत आयोजनाहरूमा गुणस्तरीय तथा उत्कृष्ट इन्जिनियरिङ परामर्श सेवा प्रदान गरी उत्कृष्ट कार्यसंपादन गर्दै आएको छ । यस कम्पनी जलविद्युतका अतिरिक्त अन्य क्षेत्रमा व्यवसाय विविधिकरणको प्रक्रियामा रहेको छ ।

पूर्णस्वामित्वको सहायक कम्पनी बिपिसी सर्भिसेज लि.को स्थापना विद्युत गृह तथा त्यसको प्रशारण सुविधाहरूको संचालन तथा मर्मत संभारको लागि गरिएको थियो । यस कम्पनी मार्फत पूर्नताजगीकासाथ विभिन्न जलविद्युत आयोजनाका कम्पनीहरूलाई आयोजना संचालन तथा मर्मत संभार सेवाको प्रस्ताव दिन लागिएको छ ।

सम्बद्ध कम्पनी हाइड्रो ल्याव प्रा.लि.ले जलश्रोत विकास आयोजनाहरूको भौतिकरूपमा हाइड्रोलिक मोडलको अध्ययन, सेडिमेन्टको अध्ययन तथा सो सम्बन्धी विषयमा अनुसन्धान गर्ने कार्य गर्दै आएको छ । यस कम्पनी भौगर्भिक परिक्षण तथा अनुसन्धान एवं न्यूमेरिकल मोडलिङ सेवाहरू दिदै आएको छ ।

# आयोजनाहरु

## ३० मे.वा.को न्यादी जलबिद्युत आयोजना

न्यादी जलबिद्युत आयोजना लमजुङ जिल्लाको मर्स्याङ्दी गाउँपालिकामा अवस्थित नदीको बहावमा आधारित आयोजना हो । जसको निर्माण कार्य मार्च २३, २०१७ मा प्रारम्भ भएको थियो । यस आयोजनको मुख्य मुख्य निर्माण कार्यहरू सबै सम्पन्न भएका छन् । तर, नेपाल विद्युत प्राधिकरणवाट २२० के.भी.को प्रशारण लाईन तथा सबस्टेशन निर्माणमा ढिलाई भएका कारण सो आयोजनवाट उत्पादित विद्युत प्रशारणका लागि बैकल्पिक योजना तयार गरी कार्यन्वयन गरिएको थियो, जुन निर्माण सम्पन्न हुने चरणमा रहेको छ । सो बैकल्पिक योजनाको व्यवस्था अनुसार २२० के.भी.को प्रशारण लाईन तथा सवस्टेशन निर्माण सम्पन्न नभएसम्म ५० मे.वा.को अपर मर्स्याङ्दी ए आयोजनाले प्रयोग गरिरहेको नेपाल विद्युत प्राधिकरणको प्रशारण लाईन प्रयोग गरिनेछ । कोभिड १९ को महामारीले न्यादी जलविद्युत आयोजनाको निर्माण कार्यलाई प्रभावित गर्‍यो । उल्लेखित कारणहरूले गर्दा न्यादी जलविद्युत आयोजनावाट विद्युत उत्पादन गर्नुपर्ने मिति भित्र विद्युत उत्पादन गर्न सकिएन र सो आयोजनावाट छिट्टै व्यापारिकरूपमा विद्युत उत्पादन शुरू हुने अपेक्षा गरिएको छ । न्यादी जलबिद्युत आयोजनावाट १६८ गिगावाट आवर विद्युत उत्पादन हुने अनुमान गरिएको छ । सो आयोजनाको कम्पनीले आयोजना प्रभावित जनता तथा सर्वसाधारण समक्ष शेयरको सार्वजनिक निष्काशन गरी सो शेयरहरू धितोपत्र वजारमा सूचीकरण गरेको छ ।

## ३७.६ मे.वा.को कावेली ए जलविद्युत आयोजना

कावेली ए जलविद्युत आयोजनामा विश्व बैंकले कर्जाको प्रवाहको समयसीमा सकिएर कर्जा प्रवाह बन्द गरे पश्चात् सन् २०२० को शुरु देखीनै निर्माण कार्य बन्द रहेको छ । आयोजना कम्पनी कावेली इनर्जि लि. ले यस आयोजनालाई पूनः सुचारू गर्नका लागि राम्रो प्रयत्न गरिरहेको छ । विद्युत उत्पादन गर्नुपर्ने मिति थप गर्न तथा नेपाल सरकारले सहजीकरण गरिदिएको विश्व बैंकको वित्तिय लगानीको सट्टामा स्थानीय स्तरको वित्तिय लगानीका लागि नेपाल सरकार र/वा नेपाल विद्युत प्राधिकरणको स्वीकृत यस आयोजनाको निर्माण पूनः सुचारू गर्नका लागि अत्यन्त महत्वपूर्ण विषय रहेको छ । यस विषयमा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, अर्थ मन्त्रालय एवं नेपाल विद्युत प्राधिकरणमा नियमति फलोअप गरिएको छ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले गत वर्ष बनाएको समितिले यस सम्बन्धमा सकरात्मक सिफारिस गरेको छ । तर, सो सिफारिसहरू कार्यन्वयनमा ल्याउन ढिलाई भएका कारण आयोजनाको संभाव्यतामा असर परिरहेको छ । विभिन्न प्रयासहरूका बाबजुद नेपाल सरकार तथा नेपाल विद्युत प्राधिकरणवाट सकरात्मक जवाफ प्राप्त नभएसम्म यस आयोजनको निर्माण पूनः सुचारू हुनेमा अनिश्चितता कायमै रहेको छ । यस कम्पनीले लेखामान मापदण्ड अनुसार सो आयोजनाका लागि गरिएको लगानीमा ८०% नोक्सानी व्यवस्था गरिएको छ ।

## मर्स्याङदी क्यासकेड आयोजनाहरु

मर्स्याङ्दी क्यासकेड आयोजनाहरूमा तीन अर्धजलाशययुक्त (पिआरओआर) आयोजनाहरूः मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना रहेका छन्, जसको क्यासकेड अवधारणमा कुल जडित क्षमता ६०१ मे.वा. रहेको छ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयको पूर्वस्वीकृति लिएर सो आयोजनाहरूको सीमा समायोजन, आयोजनालाई अर्धजलाशय बनाउने, संभाव्यता अध्ययनलाई अध्यावधिक गर्ने तथा पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, अध्ययन एवं श्रोत सुदृढीकरण गर्ने कार्यहरू गरिएको छ । सो प्रत्येक आयोजना चिनिया साझेदारहरू SCIG International Limited, Xingcheng International Investment Co. Ltd. र QYEC International Co. Ltd. संगको सहकार्यमा अलग अलग आयोजना कम्पनी मार्फत कार्यन्वयन गरिनेछ ।

मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको अवस्था निम्न अनुसार रहेको छः

- चिनिया लगानीकर्ता आयोजना कम्पनीको शेयरधनी बनेकाछन् ।
- संभाव्यता अध्ययन प्रतिवेदन अध्यावधिक गर्दै अर्धजलाशय आयोजनाकोरूपमा यस आयोजनाको जडित क्षमता १३५ मे.वा. कायम गरिएको छ ।
- नेपाल सरकारवाट १३५ मे.वा.को लागि पूरक वातावरणीय प्रतिवेदन स्वीकृत भएको छ ।
- विद्युत नियमन आयोगको स्वीकृति पश्चात् नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको छ ।
- उत्पादन अनुमतिपत्र संशोधनको प्रक्रियामा रहेको छ ।
- उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयमा आयोजना विकास सम्झौताका विषयमा वार्ता भईरहेको छ।
- वित्तिय व्यवस्थापनको प्रक्रिय शुरू भएको छ, तर हेजिङ नियमावलीमा रहेको अस्पष्टताले आयोजनामा अन्तराष्ट्रिय वित्तिय लगानी ल्याउने प्रक्रियालाई प्रभावित गरेको छ ।
- कम्पनीको (ओनर्स) इन्जिनियर छनौट गर्ने कार्य सम्पन्न भएको छ ।
- ठेक्कपट्टाका कागजातहरूको तयारी पुरा गर्ने तथा इपीसी ठेक्का लगाउने कार्य प्रक्रियामा रहेको छ ।

तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको अवस्था निम्न अनुसार रहेको छः

- संभाव्यता अध्ययन प्रतिवेदन अध्यावधिक गर्दै अर्धजलाशय आयोजनाको रूपमा यस आयोजनाको जडित क्षमता १३९.२ मे.वा. कायम गरिएको छ ।
- पूरक वातावरणीय प्रतिवेदन बन तथा वातावरण मन्त्रालयमा स्वीकृतिको प्रक्रियामा रहेका छ ।
- लगानी बोर्डले यस आयोजनामा लगानीको स्वीकृति प्रदान गरेको छ ।
- यस आयोजना उद्योग विभागमा उद्योगकोरूपमा दर्ता गरिएको छ ।
- मस्यौदा विद्युत खरिद बिक्री सम्झौतामा प्रारम्भिक हस्ताक्षर गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।
- चिनिया साझेदारहरूसंगको सहकार्यमा आयोजना कम्पनी स्थापना गर्ने तयारी गरिएको र सो स्थापनको कार्य सिघ्र शुरू हुनेछ ।

माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाको अवस्था निम्न अनुसार रहेको छः

- लगानी वोर्डले ३२७ मे.वा.को लागि लगानी स्वीकृति प्रदान गरेको छ ।
- आयोजना विकास सम्झौता गर्नका लागि लगानी बोर्डमा फलोअप गरिएको छ ।
- पूरक वातावरणीय अध्ययन प्रतिवेदन बन तथा वातावरण मन्त्रालयमा स्वीकृतिको प्रक्रियामा रहेको छ ।

मर्स्याङ्दी क्यासकेड आयोजनाहरूवाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने २२० के.भी. मर्स्याङ्दी कोरिडोर प्रशारण लाईन मार्फत विद्युत प्रसारण हुनेछ । तर प्रशारण लाईनको निर्माण कार्य मर्स्याङ्दी करिडोरमा निर्माण सम्पन्न भएका तथा चालु आयोजनाहरू प्रभावित हुने गरी ढिला भएको छ ।

२०७८ सालको जेष्ठको अन्तवाट शुरू भएको निरन्तर भिषण वर्षाले मर्स्याङ्दीमा तथा मनाङ र लमजुङ जिल्ला स्थित यसका सहयाक नदीहरूमा बाढी आयो र त्यसले पूर्वाधारहरू तथा बस्तीहरूमा ठुलो क्षति पुऱ्यायो । बेसीशहर चामे सडक खण्ड बाढी पहिरोका कारण क्षति हुन पुग्यो । आयोजना क्षेत्रमा विद्युत, यातायात तथा संचार संजाल अवरूद्ध भयो । बढीले मर्स्याङ्दी क्यासकेड आयोजनाहरूको कार्यलय भवनको केही हिस्सा, गेजिङ स्टेशन, नदीको बहाव मापन तथा संचार प्रणालीको राडार स्टेशन, केवलवे, थुपारेर राखेको समाग्री एवं पुलमा क्षति पुऱ्यायो ।

### ७.९ मे.वा. चिनोखोला जलविद्युत आयोजना

चिनोखोला जलविद्युत आयोजना तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको नजिकै रहेको नदीको बहावमा आधारित आयोजना हो । यस आयोजनाले शुरूमा मर्स्याङ्दी क्यासकेड आयोजनाहरू निर्माणको लागि आवश्यक विद्युत अपूर्ति गर्ने र सो पश्चात् नेपाल विद्युत प्राधिकरणसंग विद्युत बिक्री गर्नेछ । यस आयोजनाको बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन बन तथा वातावरण मन्त्रालयवाट स्वीकृति भएको छ । विद्युत खरिद बिक्री सम्झौताका लागि नेपाल विद्युत प्राधिकरणमा प्रक्रिया रहेका छ र यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र जारी हुने प्रक्रियामा रहेको छ । यस अयोजनाको उद्योग दर्ता गरिएको छ । नेपाल विद्युत प्राधिकरणसंग यस आयोजनाको कनेक्सन एग्रिमेन्ट गरिएको छ ।

### मुगु कर्णाली जलविद्युत आयोजना

मुगु कर्णाली जलविद्युत आयोजना मुगु जिल्लाको सदरमुकाम गमगढी नजिकै पर्ने अर्धजलाशय आयोजना हो । यस आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी पूर्वसंभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । बिस्तृत संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको कार्य चलिरहेको छ । यस आयोजनाको आसपासमा हाल प्रशारण सुविधा नभएका कारण यसको मूख्य समस्या भनेको विद्युतको प्रशारणनै हो ।

### नवीन पहल कदमी

यस कम्पनीले झिमरूक विद्युत गृहको हेडवर्क्स क्षेत्रमा शौर्य विद्युत आयोजनाको प्रारम्भिक अध्ययन गरेको छ र त्यसको अनुमानित क्षमता ७ मे.वा. छ । सो आयोजनाको सर्वेक्षण अनुमतिपत्र लिइएको छ ।

### संस्थागत सुशासन

यस कम्पनी असल संस्थागत सुशासनका लागि प्रतिवद्ध छ । आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न कम्पनी प्रयत्नरत् छ । यस कम्पनीले प्रत्येक वर्ष संचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी रहने ध्येयले संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछ । संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायिक नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । यसै भावका साथ प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गै प्रकाशित गरिएकोछ ।

### संचालक समिति तथा यस अर्न्तगतका समितिहरु

यस बर्ष संचालक समितिमा कुनै हेरफेर भएको छैन । संचालक समितिले तोकिएका तीन समितिहरू –लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति एवं दायित्व समिति एवं कम्पनीको आवश्यकता अनुसार अन्य पाँच समितिहरू गठन गरेको छ । आ.व. २०७७।७८ मा संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको सदस्यकोरूपमा संचालकहरूको कार्यसंपादन सन्तोषजनक रह्यो । कम्पनीको शेयर संरचना, संचालक समिति, यस अर्न्तगतका समितिहरूको विवरणहरू संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचनाका सम्बन्धमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ । आ.व. २०७७।०७८ को अन्त्यमा शेयरधनीहरूको संख्या ६८,५९५ रहेको थियो ।

## व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनको नेतृत्व प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले गर्नु भएको छ । निजसंग नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनमा काम गरेको लामो व्यवस्थापकीय अनुभव रहेको छ र विगत ७ वर्ष भन्दा बढी समय देखी सफलतापूर्वक यस कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ । कम्पनीमो व्यवस्थापनमा कार्यरत् १९ जना समेत कुल २०२ जना कर्मचारीहरू कार्यरत् छन् । कर्मचारी यूनियनसंग मिति २०७८।८।१७ मा सामुहिक सौदावजीको सम्झौता गरिएको छ र सो सम्झौता आ.व. २०७८।७९ वाट दुई बर्षका लागि कायम रहनेछ ।

आ.व. २०७७।७८ मा व्यवस्थापनले कम्पनीको दृष्टिकोण, लक्ष तथा मूल्यमान्यता अनुरूपका मुख्य मुख्य लक्षहरू संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको रणनीतिक मार्गदर्शनमा सम्पन्न गर्दै कार्यसंपादनमा सुधार गरेको छ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

यस कम्पनीले आई.एस.ओ.को मापदण्डहरू अनुसार गुणस्तर, वातावरण, पेशागत स्वस्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणालीको अवलम्वन गरेको छ । यस कम्पनी मे २४, २००५ देखी आई.एस.ओ. ९००१:२०१५ (गुणस्तर व्यवस्थापन प्रणाली) तथा आई.एस.ओ. १४००१:२०१५ (वातावरण व्यवस्थापन प्रणाली) र सेप्टेम्वर २०, २०१३ देखी एवं आई.एस.ओ. ४५००१:२०१८ (पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली) प्रमाणित छ । सो मापदण्डहरू एकिकृत व्यवस्थापन प्रणालीकोरूपमा एकिकृत गरिएको छ ।

एकिकृत व्यवस्थापन प्रणालीको आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको थियो । आ.व. २०७७।७८ मा कम्पनीमा कुनै गम्भिर प्रकृतिको विमारी, घटना, र्दुघटना, चोटपटक भएको छैन ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग सेमिनार, तालिम, गोष्ठी तथा संस्थागत सामाजिक दायित्व अर्न्तगतका गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट सम्बन्ध अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद्, नेपाल टनेलिङ एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।

यस कम्पनीले अन्तराष्ट्रिय वित्त निगम, विश्व बैक, सिङ्गापुर स्थित इन्फ्राको एसिया, नर्वे स्थित स्टाटक्राफ्ट एएस, क्यानाडा स्थित एससीपीएचआई जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग जलविद्युत आयोजनाहरू विकासका लागि विभिन्न क्षेत्रमा साझेदारी गरेको छ । यस कम्पनीले थप तीन चिनिया ख्यातीप्राप्त कम्पनीहरू: Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. र Qing Yuan Engineering Consulting Co. Ltd. संग मर्स्याङदी क्यासकेड आयोजनाहरू निर्माणका लागि साझेदारी निर्माण गरेको छ ।

## संस्थागत जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसायिक पहल, निर्णय तथा कार्यान्वयनको एक महत्वपूर्ण हिस्साकोरूपमा रहेको छ । यस कम्पनीले आफ्ना जोखिमहरूको व्यवस्थापन उपयुक्त तरीकावाट भएको सुनिश्चित गर्नका लागि जोखिम पहिचान, मुल्यांकन, योजना निर्माण तथा न्यूनिकरण गर्दै निरन्तररूपमा व्यवस्थापनका विभिन्न तहमा जोखिमहरूको अनुगमन गर्दै आएको छ । कम्पनीमा जोखिमको असल व्यवस्थापन सुनिश्चित् गर्न जोखिम व्यवस्थापन समितिले व्यवस्थापनको अनुगमन तथा मार्गदर्शन गर्ने एवं संचालक समितिलाई सिफारिस गर्ने गर्दछ । कम्पनीमा सुस्पष्ट जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ ।

## आन्तरिक नियन्त्रण तथा जवाफदेहीता

कम्पनीमा आन्तरिक नियन्त्रण तथा जवाफदेहीता प्रणाली लागु गरिएको छ । नियन्त्रणको वातावरण तथा जावफदेहीताको अनुगमन लेखापरीक्षण समिति तथा संचालक समितिले गर्दछ ।

व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनका निमित्त आवधिकरूपमा आई.एस.ओ.को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउँदै आएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू कार्यान्वयन गरिएको छ । श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७७।०७८ मा कम्पनीको आन्तरिक लेखापरीक्षणको कार्य गरेको थियो ।

## वाह्य लेखापरीक्षण

श्री सी एस सी एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्ले यस कम्पनीको नियमितरूपमा तेश्रो पटक आ.व. २०७७।०७८ को हिसाव किताव लेखापरीक्षण गर्‍यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरणहरूका सम्बन्धमा कुनै नकारात्मक टिप्पणी नभएको प्रतिवेदन जारी गरेको छ ।

## शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूवाट प्राप्त सुझावहरूलाई गम्भिरतापूर्वक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ । त्रैमासिक प्रतिवेदन, संक्षिप्त आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू प्रकाशित गरी संचारका सबै माध्यमहरूको प्रयोग गरिएको छ र ति प्रकाशनहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले आफ्नो निरन्तर सुधारका लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरूको स्वागत गर्दछ ।

## शेयर रजिष्ट्रार तथा शेयर कारोवार

मिति २०७७ श्रावण १ देखी नारायणचौर, नक्साल, काठमाण्डौ स्थित नाविल इन्भेष्टमेन्ट बैकिङ लि. यस कम्पनीको शेयर रजिष्ट्रार रहेको छ । यस वर्ष कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन । कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरूको सारसंक्षेप निम्न अनुसार रहेको छः

## सम्बद्ध पक्षसंगको कारोवारहरु

यस कम्पनीले सहायक कम्पनीहरूसंग उत्तम औधोगिक प्रचलनहरू तथा प्रचलित कानून अनुसार व्यवसायिक हिसावले कारोवार गर्दछ । कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७७।०७८ को वित्तिय विवरणहरूको नोटमा उल्लेख गरिएको छ ।

## व्यवसाय तथा लगानीको वातावरण

नेपाल सरकारले समाजवादको दिशातर्फ जलविद्युत उत्पादन तथा यसको निर्यातलाई मुख्य लक्षकोरूपमा लिएको छ । नयाँ विद्युत ऐन जारी नभएका कारण सो दिशा अस्पष्ट रहेको छ । आ.व. २०७६।७७ को मध्यवाट शुरू भएको कोभिड १९ को महामारी हाल विश्वव्यापी महामारीकैरूपमा रहेको छ । जसले स्वस्थ्य संकटको अवस्था उत्पन्न गरेको मात्र नभएर देशको आर्थिक गतिविधिहरूलाई पछि धकेलिदिएको छ । संचालनमा रहेका विद्युत गृहहरूको तुलनामा विकास तथा निर्माणको चरणमा रहेका आयोजनाहरू नराम्ररी प्रभावित भए । कोभिड १९ खोप कार्यक्रम नेपाल लगायत विश्वका प्राय सबै राष्ट्रमा तिब्ररूपमा अघि बढेको छ । यसले देश भित्र व्यवसायको वातावरण तथा आर्थिक गतिविधि लयमा फर्किने आशा पलाएको छ ।

**कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरुको सारसंक्षेप**

| वर्ष | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर | कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|---|
| २०७७।७८ | ५९० | ३४३ | ५०६ | २३३ | ९९,१६१ | १,६७,५२,८१० | ७७१.७ करोड |
| २०७६।६६ | ४२९ | २८४ | ३५९ | १८३ | १३,००० | १८,२२,५६० | ६५.७ करोड |

नेपाल विद्युत प्राधिकरणले विद्युतको अभाव हुँदाका बखत भारतवाट विद्युत आयत गरेर आफ्ना ग्राहकहरूलाई नियमितरूपमा विद्युत आपूर्ति गऱ्यो । यस वर्ष गत वर्षको तुलनामा विद्युत आयत ६३% ले बढेको छ । प्रणालीमा कुल १४.६८% ले विद्युत थप भएको छ । उपलब्ध विद्युत मध्ये नेपाल विद्युत प्राधिकरणको उत्पादन ३१.६६%, भारतवाट आयत ३१.८३% र स्वतन्त्र उर्जा उत्पादकहरूवाट खरिद ३६.५१% रहेको छ । उत्पादन क्षमताको हकमा स्वतन्त्र उर्जा उत्पादकहरू ८१५ मे.वा. र नेपाल विद्युत प्राधिकरणको थर्मल प्लान्ट समेत ६१६ मे.वा. रहेको छ । निजी उत्पादकहरूले देश भित्र विद्युत उत्पादन क्षमता बढाउँदै लगेकाछन् । जारी महामारीले गर्दा आर्थिक गतिविधीका कमी आएका कारण यस आ.व.मा विद्युत खपत केही घट्न गएको छ ।

स्वतन्त्र उर्जा उत्पादकहरूले स्थपनाको क्रममा रहेको विद्युत व्यापार कम्पनी मार्फत आन्तरिक वजारको साथै छिमेकी राष्ट्रहरूमा विद्युत निर्यात गर्न चाहेका छन् । नेपाल र भारत बीचको ढल्केवर देखी मुजफ्रपुर सम्मको ४०० के.भी.को अन्तरदेशीय प्रशारण लाईन हाल पूर्णरूपमा संचालनमा रहेको छ । अन्य तीन अन्तरदेशीय प्रशारण लाईन निर्माणको प्रक्रिया प्रारम्भ भएको छ । नेपालले इण्डियन इनर्जी एक्सचेन्जमा अन्तरदेशीय विद्युत व्यापार प्रारम्भ गरेको छ ।

पूर्ण सरकारी लगानीको नेपाल विद्युत प्राधिकरणले हाल निजी कम्पनीहरूसंग विद्युत खरिद बिक्री सम्झौत गर्न आनाकानी गरिरहेको छ । अनुकुल व्यवसायिक तथा लगानी मैत्री वातावरण निर्माण गरेर जलविद्युत क्षेत्रमा स्थानीय तथा विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्नका लागि नियमकीय छिटो स्वीकृत प्रक्रिया, नीतिगत एकरूपता एवं विद्युत खरिद बिक्री सम्झौता गर्न तथा जग्गा प्राप्त गर्नकालागि सहजिकरण गर्नुपर्ने देखिन्छ । हेजिङ नियमावली तयार गरी संशोधन गरिएको छ । तर, मर्स्याङदी क्यासकेड आयोजनाहरू जस्ता विदेशी लगानी आयोजनाहरूमा पर्याप्त विश्वास दिलाउनका लागि अझै सो नियमावलीमा हेजिङ शूल्क, त्यसको बाँडफाँड तथा कार्यन्वयन समयका विषयमा अस्पष्ट छ । हेजिङ सम्बन्धी स्पष्ट नीति नभएसम्म अन्तराष्ट्रिय वित्तिय संस्थाहरूवाट वित्तिय व्यवस्थापन अत्यन्तै चुनौतिपूर्ण रहेको छ ।

सरकारले हाइड्रोलोजी परिवर्तन भएका कारणले तिर्न पर्ने जरीवाना मिनाह गरी संचालनमा रहेका १० मे.वा. भन्दा साना जलविद्युत केन्द्रहरूलाई राहत प्याकेज उपलब्ध गराएको छ । वजेटका माध्यमवाट २०० मे.वा. भन्दा ठुला जलाशय तथा अर्धजलाशय आयोजनाहरूलाई अतिरिक्त कर छुटको घोषणा गरिएको छ । कोभिड १९ को राहत स्वरूप नेपाल सरकारले व्याज अनुदान, विद्युत उत्पादन गर्नु पर्ने मिति तथा वित्तिय व्यवस्थापन गर्नुपर्ने मिति थपको व्यवस्था गरी निजी क्षेत्रलाई सहयोग गरेको छ ।

कुल क्षमता ३००० मे.वा. भन्दा बढीका जलविद्युत आयोजनाहरू हाल निर्माणको क्रममा रहेका छन् । तथापि, ४५६ मे.वा.को अपर तामाकोशी जलविद्युत आयोजना निर्माण सम्पन्न भए संगै नेपाल विद्युत प्राधिकरणले खासगरी वर्षातको समयमा विद्युत खेर जाने समस्या भोगिरहेको छ, जसले नेपाल विद्युत प्राधिकरणको वित्तिय स्वस्थ्यलाई असर गरेको छ । यस्तो अवस्थामा विद्युत बिक्री गर्दा स्वतन्त्र उर्जा उत्पादकहरू समेत जोखिममा पर्नेछन् । बढी भएको उर्जा उपयोगका लागि खाना पकाउन, यातायात, सिंचाई, कृषि आदिमा विद्युत उपयोग गरी आन्तरिक विद्युत खपत बढाउनु पर्ने हुन्छ । यही दिशामा विद्युत नियमन आयोगले केही हदसम्म बढी विद्युत खपतका लागि प्रोत्साहन गर्दै हालै नेपाल विद्युत प्राधिकरणको उपभोक्ता महशुल पुनरावलोकन गरेको छ । आन्तरिक विद्युत खपत बढाउनका लागि विद्युत महशुलमा थप पूर्नसंरचना गर्न आवश्यक देखिन्छ ।

नेपाल विद्युत प्राधिकरणका प्रशारण लाईनहरू सम्पन्न गर्नमा ढिलाई भएका कारण विभिन्न जलविद्युत आयोजनाहरूले पूर्ण क्षमतामा विद्युत अपूर्ति गर्न सकेका छैनन् । उत्पादित विद्युत प्रशारण गर्न तथा आन्तरिक खपत बढाउनका लागि निर्माणाधिन तथा योजना अनुसारका प्रशारण लाईनहरू तथा वितरण प्रणालीको सुदृढिकरणको समयमै कार्यान्वयन हुनु पर्ने विषय एकदमै महत्वपूर्ण छ ।

## लाभांश

कम्पनीले स्थिर लाभांश नीति अख्तियार गरेको छ ।संचालक समितिले आ.व. २०७७।०७८ को खुद मुनाफा तथा संचित नाफावाट चुक्ता पूँजीको १०% बोनस शेयर तथा १०% नगद लाभांश वितरण गर्नका लागि २९ औं बार्षिक साधारण सभामा प्रस्ताव गरेको छ । २०७८ सालको आषाढ मसान्त सम्ममा शेयरधनीहरूले बुझिलिन बाँकी लाभांश रकम रू. ५ करोड ८ लाख रहेको छ ।

## अबको वर्ष

आगामी वर्ष कम्पनीको दिर्घकालिन हितलाई आकार प्रदान गर्नका लागि महत्वपूर्ण हुनेछ । सो दिशामा मर्स्याङदी क्यासकेड आयोजनाहरू प्राथमिकतामा रहेका छन् । बैंकहरूलाई लगानी योग्य हुनेगरी मर्स्याङदी क्यासकेड आयोजनाहरूको विद्युत खरिद बिक्री सम्झौता गर्ने, सो आयोजनाहरूको वित्तिय व्यवस्था गर्ने तथा त्यसलाई निर्माणको चरणमा पुऱ्याउने चुनौतिपूर्ण कार्यहरू छन् । कावेली ए जलविद्युत आयोजनाको पूर्नस्थापना पनि कम्पनीका लागि त्यत्तिकै महत्वपूर्ण रहेको छ । आ.व. २०७८।७९ मा निम्न कार्यहरू सम्पन्न गर्ने अपेक्षा गरिएको छः

- मनाङ मर्स्याङदी जलविद्युत आयोजना, र तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता गर्ने,
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनोखोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्ने,
- शौर्य आयोजनाको सम्भाव्यता अध्ययन र विद्युत खरिद बिक्री सम्झौता गर्ने,
- चिनिया साझेदाहरूसंग मिलेर तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना कम्पनी दर्ता गर्ने र आयोजनाको अनुमतिपत्र सो कम्पनीमा हस्तान्तरण गर्ने,
- चिनोखोला जलविद्युत आयोजनाको आयोजना कम्पनी दर्ता गरी सो आयोजनाको निर्माण प्रारम्भ गर्ने,
- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन गरी निर्माण प्रारम्भ गर्ने,
- न्यादी जलविद्युत आयोजनावाट व्यापारिक उत्पादन शुरू गर्ने, र
- कावेली ए जलविद्युत आयोजनालाई पूर्नस्थापना गरी निर्माण कार्य शुरू गर्ने ।

## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७७।०७८ मा प्रत्यक्ष वा परोक्ष रूपले योगदान दिने, सहयोग गर्ने तथा सहायता दिने नेपाल सरकार तथा यसका निकायहरू, विद्युत नियमन आयोग, नेपाल राष्ट्र बैंक, लगानी बोर्ड, नेपाल धितोपत्र बोर्ड, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू, उपभोक्ताहरू र अन्य संस्था तथा व्यक्तिहरूप्रति हामी आभारी छौं ।

संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीको प्रगतिको लागि गर्नु भएको समर्पण एवं निरन्तर योगदानको लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको लागि हार्दिक धन्यवाद दिन चाहान्छौं ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट

**पद्म ज्योति**
अध्यक्ष
मितिः २०७८।०९।२६

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ.व. २०७७/७८ को संक्षिप्त आर्थिक प्रतिवेदन

**शेयरधनीज्यूहरु,**

यस कम्पनीको मिति २०७८।९।२६ गते सम्पन्न हुने २९औं साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. विश्वव्यापी महामारी कोभिड -१९ का कारण यस कम्पनीमा मूलतः विकास तथा निर्माणको चरणमा रहेका आयोजनाहरू प्रभावित भए भने संचालनमा रहेका विद्युत गृहहरू तथा वितरण व्यवसायमा तुलनात्मकरूपमा कम प्रभावित भए । कोभिड -१९ को संक्रमणवाट बच्नका लागि आवश्यक स्वास्थ्य सावधानी अपनाइएपनि हाल सम्म ३१ जना कर्मचारीहरू कोभिड -१९ निरन्तरतावाट संक्रमित भए र दुर्भाग्यवस कम्पनीले एक जना कर्मचारी गुमाउनु पऱ्यो ।

२. कम्पनीले आ.व.२०७७।७८ मा पुजीगत लाभ तथा वित्तीय आम्दानीवाट उल्लेखनिय बृद्धि गर्न सफल भएको छ । तर, संचालन आम्दानी तथा लगानीवाट प्राप्त लाभांश आम्दानीमा आएको उल्लेख्य गिरावट तथा कावेली ए जलविद्युत आयोजनाका लागि गरिएको शेयर लगानीको थप नोक्सानी व्यवस्था गर्नु परेका कारण खुद मुनाफामा गत वर्षको तुलनामा ३१.३८% ले ह्रास आएको छ । जस अनुसार कम्पनीको खुद मुनाफा रू. ५०,१८,१५,६७४ र प्रति शेयर आम्दानी रू. १७.०० रहेको छ । शेयरधनीहरूलाई आ.व. २०७७।७८ को खुद मुनाफावाट चुक्ता पूँजीको १०% (दश प्रतिशत) नगद लाभांश तथा १०%(दश प्रतिशत) बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएको छ ।

**३. कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।**

| विवरण | आ.व. २०७७।७८ रू. | आ.व. २०७६।७७ रू. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४२,३७,२४,६५७ | ४८,३८,३८,१६३ | -१२.४२% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | २१,३९,८८,९३१ | १९,५१,३६,५७१ | ९.६६% |
| उत्पादन खर्च | ३१,२१,८०,९०३ | २४,५६,८९,६५७ | २७.०६% |
| वितरण खर्च | १२,४१,६०,४२५ | ११,९४,०५,१५० | ३.९८% |
| कूल संचालन मुनाफा | २०,९८,००,५९५ | ३२,१६,११,७६२ | -३४.७७% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ६८,७७,१५,२२१ | ७६,७८,१९,२२९ | -१०.४३% |
| प्रशासनिक तथा अन्य खर्च | १२,७७,३९,४७९ | १२,३३,३९,०३१ | ३.५७% |
| ब्याज तथा कर अघिको नाफा | ५२,५५,०६,६१३ | ७२,७५,३७,४३४ | -२७.७७% |
| कर अघिको नाफा | ५६,४६,०२,७८१ | ७१,९७,९५,७१६ | -२१.५६% |
| कर पछिको खुद मुनाफा | ५०,१८,१५,६७४ | ७३,१२,८४,०९२ | -३१.३८% |
| अन्य कम्पनीहरूमा लगानी | ३,३०,३६,८०,४५६ | ४,०६,८४,६०,९६१ | -१८.८०% |
| प्रतिशेयर आम्दानी | १७.०० | २४.७८ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,००,९३,९१,१०४ | ७,०२,९०,४६,६०५ | -०.२८% |

## आ. व. २०७७।७८ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप

| विवरण | आ.व. २०७७।७८ रू. | आ.व. २०७६।७७ रू. | परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,६३,६७,२४,४७७ | ३,१३,४६,३४,११२ | -१५.८८% |
| बिक्री लागत | २,३३,५४,०८,५२८ | २,६५,७९,३१,१८९ | -१२.१३% |
| कूल मुनाफा | ३०,१३,१५,९४९ | ४७,६७,०२,९२३ | -३६.७९% |
| ब्याज तथा कर अघिको नाफा | ७६,१८,००,७८४ | ९९,६२,२२,१८४ | -२३.५३% |
| कर अघिको खूद मुनाफा | ३८,५६,६१,३९५ | ७१,१३,०९,२५७ | -४५.७८% |
| कर पछिको खूद मुनाफा | ३०,९७,४४,२०९ | ७१,१६,११,३६५ | -५६.४७% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | ३३,६६,०९,४३८ | ७२,६२,५१,३०२ | -५३.६५% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | -२,६८,६५,२२९ | -१,४६,३९,९३७ | ८३.५१% |
| प्रतिशेयर आम्दानी रू. | ११.४१ | २४.६१ | |
| खूद सम्पत्ति (नेटवर्थ) | ७,१८,०८,२४,५७६ | ७,३९,७८,०३,९५७ | -२.९३% |

४. आ. व. २०७७।७८ मा यस कम्पनी अर्न्तगतका समूह कम्पनीहरूमध्ये हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.को कार्यसंपादन सन्तोषजनक रह्यो भने अन्य कम्पनीहरूको कार्य संपादनमा ह्रास आएको छ । हाल सम्म यस कम्पनीले आफ्ना सहायक तथा सम्वद्ध कम्पनीहरूमा रू. ३,३०३,६८०,४५६/- लगानी गरिसकेको छ । आ. व. २०७७।७८ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप तालिकामा दिईएको छ ।

५. नेपाल विद्युत प्राधिकरणसंग भएको संझौता अनुसार हिमाल पावर लिमिटेडले आफ्नो ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलविद्युत आयोजनाको ५० प्रतिशत स्वामित्व नेपाल विद्युत प्राधिकरणलाई निशुल्क हस्तान्तरण गर्नुपर्ने तथा विद्युत खरिद बिक्री सम्झौतामा पनि पुनरावलोकन भई नयाँ दर कायम हुने भएबाट यस आ.व. २०७७/७८ देखि उक्त कम्पनीबाट पाउने लाभांशमा उल्लेखनीयरूपले ह्रास आउने छ । हिमाल पावर लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच अन्तरीम प्रवन्धमा सहमति भई सो अनुसार उल्लेखित आयोजना संचालन भईरहेको छ र छिट्टै स्थायी प्रवन्धमा सहमति भई सो कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ ।

६. त्यसैगरी मिति २०७६ भाद्र २५ मा अचानकरूपमा खहरे खोलामा आएको बाढी खुदी हाइड्रोपावर लि.को विद्युतगृहमा पसेको कारण बन्द भएको विद्युत गृह मर्मत पश्चात् २०७६ मंसिर २९ वाट आंशिकरूपमा संचालनमा ल्याइएको छ । तर, बाँकी मर्मत कार्यका लागि उपकरण आपूर्तिकर्ताको मर्मत संभार विज्ञ चीनवाटनै आउनुपर्ने भएको हुँदा कोभिड -१९ का कारण ढिलाई हुन गएको तथा पुनः २०७८ आषाढमा आएको बाढीका कारण आंशिकरूपमा संचालनमा आइरहेको उक्त विद्युत गृह मर्मत कार्यहरू २०७८ असोज महिना सम्ममा सम्पन्न भई कार्तिक १, २०७८ देखि पूर्णरूपमा संचालनमा आएको छ ।

७. आ.व. २०७७।७८ मा आँधीखोला तथा झिमरूक बिद्युत गृहहरूवाट १२७.५० गिगावाट आवर विद्युत उत्पादन भयो । सो उत्पादित विद्युत मध्ये ६८% नेपाल विद्युत प्राधिकरण र बाँकी आफ्नै वितरण प्रणालीमा आवद्ध उपभोक्तालाई विक्री गरिएको थियो ।

८. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती निम्न वमोजिम रहेको छः

(क) न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को निर्माण अन्तिम चरणमा पुगेको छ । यही वर्ष २०७८ सालको अन्त्य सम्ममा यस आयोजनावाट विद्युत उत्पादन प्रारम्भ गर्ने लक्ष लिइएको छ । यस आयोजनाले बार्षिकरूपमा १६८ गिगावाट आवर विद्युत उत्पादन गर्नेछ । यसको २७% शेयर सार्वजनिक निष्काशनको कार्य सम्पन्न भएको छ ।

(ख) विश्व बैंकले सन् २०२० को प्रारम्भवाट कर्जाको किस्ता दिन बन्द गरेसंगै कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण कार्य रोकिएको छ । यस आयोजनालाई पूनः सुचारू गर्नका लागि आयोजना कम्पनी कावेली इनर्जि लि.ले योजना बनाएर काम गर्दै आएको छ । अव स्थानीय बैंकवाट वित्तिय प्रवन्ध गरी विद्युत उत्पादन गर्नुपर्ने मिति थपी नेपाली रूपैयाँमानै विद्युत खरिद बिक्री दर निर्धारण गरी आयोजनालाई अघि बढाउने तर्फ उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय तथा नेपाल विद्युत प्राधिकरणमा आवस्यक फलोअप गरिएको छ । यद्यपी, ढिलाईका कारण आयोजनाको संभाव्यतालाई असर गरेको छ । त्यसलाई समेत ध्यानमा राखी यस आयोजनामा गरिएको लगानी मध्ये असी प्रतिशत नोक्सानी व्यवस्था गरिएको छ ।

(ग) मर्स्याङ्दी नदीमा मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना (१३५ मेगावाट), तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना (१३९.२ मेगावाट) र अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजना (३२७ मेगावाट) लाई क्यासकेड आयोजनाको अवधारणामा निर्माण गर्नका लागि चिनिया साझेदार कम्पनीहरू Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संग आवश्यक सम्झौताहरू भई उक्त आयोजनाहरूका कम्पनीहरूमा यस कम्पनीको करीव २०% शेयर स्वामित्व हुनेछ । मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको १३५ मे.वा.को लागि विद्युत खरिद बिक्री सम्झौता र पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ । आयोजना विकास सम्झौताका लागि उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय छलफल भैरहेको छ । तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भई विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया अगाडि बढीरहेको छ भने कनेक्सन एग्रिमेण्ट भैसकेको छ । उद्योग विभागमा यस आयोजनाको उद्योग दर्ता भैसकेको छ । लगानी वोर्डवाट अपर मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाको लगानी स्वीकृति भएको छ । आयोजना विकास सम्झौताका लागि लगानी वोर्डमा निरन्तर फलोअप गरिएको छ । यस आयोजनाको पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया अन्तिम चरणमा रहेको छ ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ । बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत भएको छ । उद्योग विभागमा यस आयोजनाको उद्योग दर्ता भैसकेको छ भने नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेण्ट भैसकेको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्र लिन तथा विद्युत खरिद बिक्री सम्झौता गर्नका लागि दरखास्त पेश गरी सो प्रक्रियामा रहेको छ ।

(ङ) मुगु कर्णाली जलविद्युत आयोजना (१६० मेगावाट) को सर्वेक्षण अनुमतिपत्र प्राप्त भई पूर्ब संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । विस्तृत संभाव्यता अध्ययन कार्य तथा बातावरणीय प्रभाव मुल्यांकनको कार्य अगाडि बढेको छ । यस आयोजनाको लागि आवश्यक पर्ने प्रशारण लाईनको विषयमा स्पष्ट भएपछि विकास गर्ने गरी यस आयोजनालाई अघि बढाइएको छ ।

९. कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिका साथै अर्थ समिति पनि गठन गरेको छ । साथै, संचालक समितिले परिपालना अधिकृत समेत नियुक्त गरेको छ । कम्पनीले आफ्नो श्रम लेखापरीक्षण कार्य सम्पन्न गरी श्रम लेखापरीक्षण प्रतिवेदन श्रम कार्यालयमा पेश गरेको छ । कम्पनीले ऐन नियम अनुसार प्रकाशित गर्नु पर्ने त्रैमासिक प्रतिवेदनहरू लगायतका प्रतिवेदनहरू प्रकाशित गर्दै आएको छ ।

१०. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित आर्थिक विवरणहरू तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सि.ए. जितेन्द्र कुमार मिश्र**
साझेदार
सिएससि एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्टस्

## २०७८ आषाढ ३१ गतेको
# वित्तिय अवस्थाको विवरण

| विवरण | आ.व. २०७७।७८ रू. | आ.व. २०७६।७७ रू. |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| जायजेथा, प्लाण्ट तथा उपकरण | २९८,८४४,०४७ | ३१५,८०४,११९ |
| पूँजीगत कार्य प्रगति | १,९२२,१३० | १,९२२,१३० |
| अदृष्य सम्पत्ति | १,८६४,५२६,३९६ | १,८७१,१८७,२९८ |
| आयोजना कार्य प्रगति | २८५,५५८,४५९ | २६६,३९३,१९० |
| वित्तीय सम्पत्ति | | |
| सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | २,४६६,६६८,२७६ | ३,०९४,१४२,८८१ |
| अन्य लगानी | ८३७,०१२,१८० | ९७४,३१८,०८० |
| अन्य गैर चालू सम्पत्ति | १०,३८४,३७५ | १,३२५,९३९ |
| **जम्मा गैर चालू सम्पत्ति** | **५,७६४,९१५,८६३** | **६,५२५,०९३,६३७** |
| **चालु सम्पत्ति** | | |
| मौज्दात | ५०,८७३,४०० | ५४,०३६,८८७ |
| वित्तीय सम्पत्ति | | |
| व्यापारिक आसामी लिनुपर्ने | ९३,०३८,५०१ | ७३,३३१,८७५ |
| नगद तथा नगद समान | ६४९,८४५,८४६ | ५४,६७९,७४१ |
| अन्य बैंक मौज्दात | ३५,०१५,००० | ३५,००८,००० |
| अन्य वित्तीय सम्पत्ति | १,०५८,२९७,१२९ | १,१०४,४४०,९४२ |
| अन्य चालू सम्पत्ति | ११,३७७,१६६ | ११,३०४,९५४ |
| चालू कर सम्पत्ति (खूद) | २४,०४५,१२२ | ८,३८९,२९४ |
| **जम्मा चालु सम्पत्ति** | **१,९२२,४९२,१६४** | **१,३४१,१९१,६९३** |
| **जम्मा सम्पत्ति** | **७,६८७,४०८,०२७** | **७,८६६,२८५,३३०** |
| **कोष तथा दायित्व** | | |
| **कोष** | | |
| इक्वीटी शेयर पूंजी | २,९५१,३६०,५०० | २,६८३,८८१,८०० |
| अन्य इक्वीटी | ४,०५८,०३०?६०४ | ४,३४५,१६४,८०५ |
| **जम्मा कोष** | **७,००९,३९१,१०४** | **७,०२९,०४६,६०५** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| ग्राण्ट अनुदान जगेडा | १८९,४३७,४२० | १९५,८०९,१८८ |
| वित्तीय दायित्व | | |
| ऋृण सापटी | ११०,०६९,३२४ | १५९,१३३,६५१ |
| व्यवस्थाहरू | २०,०५५,१५८ | १७,५२६,०८१ |
| स्थगन कर | १४०,२००,८२७ | २३२,६१३,२४२ |
| अन्य गैर चालू दायित्व | २२,३५९,९५८ | २४,६९१,५०९ |
| **जम्मा गैर चालू दायित्व** | **४८२,१२२,६८७** | **६२९,७७३,६७१** |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | | |
| ऋृण सापटी | ४८,८८२,१३६ | ८२,७६४,२७२ |
| व्यापारिक साहू तिर्नुपर्ने | ३८,१७७,३५४ | २०,८३१,७३४ |
| अन्य वित्तीय दायित्व | २३,१०२,३३३ | २२,४४२,९७९ |
| व्यवस्थाहरू | ३,६४७,४१७ | २,०३३,२०४ |
| अन्य चालू दायित्व | ८२,०८४,९९६ | ७९,३९२,८६५ |
| **जम्मा चालू दायित्व** | **१९५,८९४,२३६** | **२०७,४६५,०५४** |
| **जम्मा दायित्व** | **६७८,०१६,९२३** | **८३७,२३८,७२५** |
| **जम्मा कोष तथा दायित्व** | **७,६८७,४०८,०२७** | **७,८६६,२८५,३३०** |

## २०७८ आषाढ ३१ गते समाप्तवर्षको
# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७७/७८ रू. | आ.व. २०७६/७७ रू. |
|---|---|---|
| बिक्री | ६४६,१४१,९२३ | ६८६,७०६,५६९ |
| बिक्रि लागत | | |
| उत्पादन खर्च | (३१२,१८०,९०३) | (२४५,६८९,६५७) |
| वितरण खर्च | (१२४,१६०,४२५) | (११९,४०५,१५०) |
| **कूल मुनाफा** | **२०९,८००,५९५** | **३२१,६११,७६२** |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ७,७८२,१३४ | ७,७४७,३१६ |
| अन्य आय | ६८७,७१५,२२१ | ७६७,८१९,२२९ |
| प्रशासनिक तथा अन्य संचालन खर्चहरू | (१२७,७३९,४७९) | (१२३,३३९,०३१) |
| लगानीमा नोक्सान व्यवस्था | (२५२,०५१,८५८) | (२४६,३०१,८४२) |
| **संचालनवाट मुनाफा** | **५२५,५०६,६१३** | **७२७,५३७,४३४** |
| वित्तीय आय | ५८,५३१,६४६ | २४,२५३,९८८ |
| वित्तीय लागत | (१९,४३५,४७८) | (३१,९९५,७०६) |
| **कर अघिको मुनाफा** | **५६४,६०२,७८१** | **७१९,७९५,७१६** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | (११५,८७३,०४७) | (४०,७३८,५८१) |
| स्थगन कर आम्दानी /(खर्च) | ५३,०८५,९४० | ५२,२२६,९५७ |
| **चालु वर्षको मुनाफा** | **५०१,८१५,६७४** | **७३१,२८४,०९२** |
| **अन्य विस्तृत आय** | | |
| इक्वीटी उपकरणवाट देखिएको अन्य विस्तृत आय | (१५७,३०५,९००) | (२१७,९८६,३४४) |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | ३९,३२६,४७५ | ५४,४९६,५८६ |
| **जम्मा अन्य विस्तृत खूद आय** | **(११७,९७९,४२५)** | **(७२,७३५,६८५)** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **३८३,८३६,२४९** | **(१६३,४८९,७५८)** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | १७.०० | २४.७८ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | १७.०० | २४.७८ |

# नोट:

नोट:

BUTWAL POWER COMPANY LIMITED


**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4791776, 4794026
Fax: 977-1-4790994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 994860105
Fax: 994860104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIASON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058